**लक्ष्मी बैंक लिमिटेडको**
**उन्नाइसौं वार्षिक साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)**

यस लक्ष्मी बैंक लि.का सञ्चालक समितिका सदस्य श्री रमण नेपालज्यूको सभापतित्वमा बैंकको उन्नाइसौं वार्षिक साधारणसभा मिति २०७६/०९/०६ गते (तदनुसार डिसेम्बर २२, २०१९) आइतबार दिनको २:०० बजे देखि ४:१५ बजे सम्म अग्रवाल भवन, कमलपोखरी, काठमाडौंमा सुसम्पन्न भयो । साधारण सभामा उपस्थिति, छलफलका बिषय सूची, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको बैधानिकता र सभापतित्व, सभा संचालन तथा प्रतिबेदन प्रस्तूति, छलफलमा सहभागिता, छलफलका क्रममा ब्यक्त गरिएका मन्तब्य, प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम छन् :

१. उपस्थितिः

(क) **सञ्चालकहरुको उपस्थितिः**

| | | |
|---|---|---|
| १) | श्री रमण नेपाल | सञ्चालक |
| २) | श्री दिनेश पौड्याल | सञ्चालक |
| ३) | श्रीमति स्वाति रुंगटा | सञ्चालक |
| ४) | श्री विश्व करण जैन | सञ्चालक |
| ५) | श्रीमति विद्या वस्न्यात | सञ्चालक |

(ख) अन्य पदाधिकारीहरुको उपस्थितिः

| | | |
|---|---|---|
| १) | श्री अजय विक्रम शाह | प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री सुमेद भट्टराई | उप प्रमुख कार्यकारी अधिकृत |
| ३) | श्री भुवल राई | प्रमुख सञ्चालन अधिकृत |
| ४) | श्री जिवन प्रकाश लिम्बु | प्रमुख प्रविधि अधिकृत |
| ५) | श्री सञ्जिव राज जोशी | प्रमुख - सामान्य श्रोत तथा सम्पत्ति व्यवस्थापन |
| ६) | श्री अमित सिंह कार्की | प्रमुख - पूर्वाधार तथा प्रोजेक्ट |
| ७) | श्री दिपेश अमात्य | प्रमुख - रिटेल फाइनान्सियल सर्भिस |
| ८) | श्री पियुष राज अर्याल | कम्पनी सचिव/प्रमुख वित्तीय अधिकृत |
| ९) | श्री मनिष राज कुँवर | प्रमुख - कर्पोरेट बैंकिंग |
| १०) | श्रीमति भारती पाण्डे | प्रमुख - रणनीति तथा बजार |
| ११) | श्री अभय राज शर्मा | प्रमुख - जोखिम नियन्त्रण इकाई |
| १२) | श्री मनोहर राज उप्रेती | प्रमुख - आन्तरिक लेखा परिक्षण |
| १३) | श्री जितेन्द्र बहादुर राजभण्डारी | वाह्य लेखापरीक्षक |
| १४) | श्री समीर शर्मा | कानूनी सल्लाहकार |

(ग) **सम्बन्धीत निकायका प्रतिनिधीहरुको उपस्थितीः**

| | | |
|---|---|---|
| १) | श्री नवराज खड्का | प्रतिनिधी - श्री नागरिक लगानी कोष |

(घ) **शेयरधनीहरुको उपस्थितिः**

| | | | |
|---|---|---|---|
| १) | उपस्थित शेयरधनीहरुको संख्याः | १,०१४ | जना |
| | (क) शेयरधनी स्वयंबाट | १,०१३ | जना |
| | (ख) प्रतिनिधि (प्रोक्सी) बाट | १ | जना |
| २) | शेयरको प्रतिनिधित्व संख्या | ५,६३,५३,१७४ | कित्ता |
| ३) | शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | ६३.१७ | प्रतिशत |

(ङ) यो सभाको मिति सम्ममा कायम रहेका ४७,०८१ जना शेयरधनीहरु सभामा सहभागि हुन र मतदान गर्न योग्य थिए ।

**२. छलफलका बिषयहरुः**

(क) **सामान्य प्रस्ताव**

(१) उन्नाइसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७५/०७६ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने ।

(३) बैंकको लेखा परीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७६/०७७ को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक श्री जे.बी. राजभण्डारी एण्ड डिबिन्स, चार्टड एकाउन्टेन्ट्स पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)

(४) बैंकको सञ्चालक समितिका सदस्यहरुको मनोनयन/नियुक्ति अनुमोदन गर्ने ।

(५) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ५ प्रतिशतका दरले रु ४४,६०,२५,४३२.०० (अक्षेरपि रु. चौवालिस करोड साठी लाख पच्चिस हजार चार सय बत्तीस मात्र) बराबर नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि समेत) वितरण गर्ने ।

(ख) **विशेष प्रस्ताव**

(१) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको हालको चुक्ता पूँजीको १० प्रतिशतका दरले रु ८९,२०,५०,८६४.०० (अक्षेरपि रु. उनानब्बे करोड बीस लाख पचास हजार आठसय चौसट्ठी मात्र) बराबरको बोनस शेयर जारी गर्ने ।

(२) उल्लिखित बोनस शेयर जारी गर्नका लागि आवश्यक हदसम्म जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने ।

(३) बुँदा नं. (१) र (२) सम्बन्धी प्रस्ताव कार्यान्वयनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने ।

(४) लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने ।

(ग) **विविध**

३. **सूचना प्रकाशनः**

सञ्चालक समितिको मिति २०७६ साल मसिंर ११ गते बुधबार तदनुसार २७ नोभेम्बर २०१९ मा बसेको २२२औं बैठकको निर्णय अनुसार तथा कम्पनी कानूनमा भएको व्यवस्था बमोजिम यस लक्ष्मी बैंकको उन्नाइसौं वार्षिक साधारण सभा मिति २०७६ साल पौष महिना ६ गते आइतबार तदनुसार २२ डिसेम्बर २०१९ मा वस्ने सूचना तथा बैंकको उन्नाइसौं बार्षिक प्रतिबेदन शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको थियो र मिति २०७६ मसिंर १३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक, मसिंर २४ गतेको आर्थिक दैनिक र पौष ४ गतेको आर्थिक दैनिकमा सो व्यहोराको सूचना प्रकाशित गरिएको थियो साथै बैंकको Website मा पनि सभा सम्बन्धी विवरणहरु राखिएको थियो ।

४. **गणपुरक संख्याः**

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधी मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ४७,०८१ | १,०१३ | १ | १,०१४ | २.१५ |
| शेयर संख्या | ८,९२,०५,०८६.४२ | ५,२१,३८,३२६ | ४२,१४,८४८ | ५,६३,५३,१७४ | ६३.१७ |

५. **सभाको बैधानिकता तथा सभापतित्वः**

सभाको सुरुवात गर्दै कम्पनी सचिवले सञ्चालक समितिका सदस्य श्री रमण नेपालज्यूलाई सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गर्नुभयो । त्यसपश्चात सभापतिको अनुमति लिई साधारण सभा अगाडी बढाउँदै उपस्थित शेयरधनी महानुभावहरुलाई बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावलीको नियम ५ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको व्यहोरा सभालाई अवगत गराउनु भयो । साथै सञ्चालक श्री सुशिल घिमिरेज्यू हाल विदेशमा रहनुभएकाले अनुपस्थित रहनुभएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

६. **सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुतिः**

सभाको छलफलका विषयमा प्रवेश गर्दै कम्पनी सचिवले समान्य प्रस्ताव (१) बमोजिम उन्नाइसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदनको सारांश प्रस्तुत गर्नुहुन सभाका सभापतिलाई अनुरोध गर्नुभयो ।

सभाका सभापति श्री रमण नेपालज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सञ्चालक समितिको तर्फबाट मन्तव्य प्रस्तुत गर्नु भयो ।

तत्पश्चात कम्पनी सचिवले सभा समक्ष सामान्य प्रस्ताव (१) बमोजिम सञ्चालक समितिको प्रतिवेदन तथा सामान्य प्रस्ताव (२) बमोजिम लेखापरिक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७५/०७६ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) मा सल्लाह, सुझाव वा गुनासाहरु भए प्रस्तुत गर्न शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

७. **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :**

छलफलका कममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नु भयो ।

| | | | | |
|---|---|---|---|---|
| १. | श्री अमृत नाथ रेग्मी | | २. | श्री व्यास कुमार शर्मा |
| ३. | श्री भक्ति प्रसाद उप्रेति | | ४. | श्री कुबेर श्रेष्ठ |
| ५. | श्री उद्धव प्रसाद घिमिरे | | ६. | श्री दिवाकर खड्का (लिखित सुझाव) |
| ७. | श्री रोज कुमार श्रेष्ठ | | ८. | श्री बैजुनाथ रौनियार |
| ९. | श्री शिवप्रसाद पौडेल | | १०. | श्री डमरु बल्लभ घिमिरे |
| ११. | श्री कृष्ण अधिकारी | | १२. | श्री चन्द्रनारायण श्रेष्ठ |
| १३. | श्री गोगन बहादुर पराजुली | | १४. | श्री गुणराज भट्ट |
| १५. | श्री इन्द्र कृष्ण श्रेष्ठ | | १६. | श्री नरसिंह लाल चखूँ |
| १७. | श्री प्रताप महर्जन | | | |

८. **शेयरधनी महानुभावहरुले निम्न बमोजिम राय, जिज्ञासा तथा सुझावहरु प्रस्तुत गर्नुभयो :**

१. यस वर्ष प्रस्तावित १० प्रतिशत बोनस शेयर तथा ५ प्रतिशत नगद लाभांश उत्साहजनक हो । यसका लागि धन्यवाद । भविष्यमा अझ बढी लाभांश वितरण गर्ने रणनीति बनाई काम गर्नुपऱ्यो ।

२. बैंकको सम्पूर्ण वित्तीय परिसूचकहरु तथा समग्र वृद्धि सकारात्मक छन् । कर्जा, निक्षेप, लगानी, सञ्चालन तथा खुद मुनाफा लगायत सम्पूर्ण वासलातको आकारमै वृद्धि गर्न सफल हुनु सकारात्मक छ । यो वृद्धिलाई आगामी दिनमा पनि निरन्तरता दिनुपऱ्यो ।

३. बैंकको संस्थागत सुशासन राम्रो रहेको छ । यसलाई निरन्तरता दिनु नै हुनेछ भन्ने आशा गर्दछौं ।

४. बैंकले NFRS बमोजिम वित्तीय विवरण तयार गर्न सफल भएकोमा हार्दिक बधाई । भविष्यमा पनि Best Accounting Practices हरु अवलम्बन गर्दै लैजानु पऱ्यो ।

५. वार्षिक वित्तीय विवरणलाई समयसापेक्ष बनाई आवश्यकता अनुसार परिष्कृत बनाउदैं लैजानु पऱ्यो ।

६. साधारण सभामा मर्जर सम्बन्धी प्रस्तावले निरन्तरता पाउनु राम्रो हो । उपयुक्त बैंक वा वित्तीय संस्था पहिचान गरी मर्जरसम्बन्धी कार्य अगाडी बढाउनु पऱ्यो ।

७. व्यवसायलाई विविधिकरण गरी लाइन अफ क्रेडिट, विदेशी विनिमय सम्बन्धी कारोबार, वासलात बाहिरको कारोबार, अन्तराष्ट्रिय कारोबार आदिलाई विस्तार गर्दै लैजानु पऱ्यो ।

८. सहायक कम्पनीहरुको प्रगति उत्साहप्रद छ । यसलाई निरन्तरता दिँदै बलियो बनाउँदै लैजानु पऱ्यो ।

खराब कर्जा र कर्जा नोक्सानी व्यवस्थालाई कम गर्नेतर्फ ध्यान दिनुपऱ्यो ।

१०. गैर बैंकिंग सम्पत्ती तथा कर्जा अपलेखन बढ्दै गएको देखिन्छ । यस्ता कर्जा उठाउनेतर्फ विशेष कदम चाल्नुपऱ्यो ।

११. बैंकले Fraction Share लाई सम्बन्धित शेयरधनीकै खातामा जम्मा हुने गरी आवश्यक व्यवस्था गर्नुपऱ्यो ।

१२. कर्मचारी तथा सञ्चालन खर्च बढ्दै गएको देखिन्छ । यसलाई नियन्त्रण गर्दै कर्मचारीको उत्पादकत्व बढाउन आवश्यक पहल गर्नुपऱ्यो ।

१३. बैंकले Information Security Audit गराउनु राम्रो हो । यसबाट प्राप्त सुझावलाई लागू गर्दै जानुपर्‍यो ।

१४. हाल बढ्दै गइरहेको सूचना प्रविधि जोखिम (Cyber Fraud) तथा सञ्चालन जोखिम न्युनिकरण गर्न आवश्यक व्यवस्था गर्नुपर्‍यो ।

१५. पूँजी अनुपात (Capital Adequacy Ratio), आधार दर (Base Rate) जस्ता परिसूचकहरुमा सुधार गर्दै लैजानुपर्‍यो ।

१६. बैंकले संस्थागत सामाजिक उत्तरदायित्व (CSR) मा गरेको खर्च प्रशंसायोग्य छ । यसलाई अझ व्यवस्थित गर्दै लैजानुपर्‍यो ।

१७. वार्षिक प्रतिवेदनमा संस्थागत सामाजिक उत्तरदायित्व (CSR) सम्बन्धी खर्चलाई अझ विस्तृत रुपमा उल्लेख गर्नुपर्‍यो ।

१८. बैंकको लगानीयोग्य पूँजीको दायरा विस्तारका लागि हाइब्रिड डिबेञ्चर जस्ता उपकरणहरु प्रयोगमा ल्याउनुपर्‍यो ।

१९. बैंकको विज्ञापन खर्चलाई अझ प्रभाकारी बनाइ Brand Visibility बढाउनुपर्‍यो ।

२०. बैंकले प्रस्ताव गरेको बोनस शेयर तथा नगद लाभांश यथाशिघ्र शेयरधनीले पाउने व्यवस्था गर्नुपर्‍यो ।

२१. शेयरधनीले लिन नआउनुभएको लाभांश लगानीकर्ता संरक्षण कोषमा पठाउनुभन्दा पहिले सम्बन्धीत शेयरधनीलाई सूचित गराउन आवश्यक प्रक्रिया अपनाउनुपर्‍यो ।

**९. शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको राय, सुझाव तथा जिज्ञासावारेमा प्रमुख कार्यकारी अधिकृतज्यूले देहाय वमोजिम प्रतिक्रिया दिनु भयो**

बैंकको वित्तीय विवरण तथा वार्षिक प्रतिवेदनप्रति आदरणीय शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको सल्लाह, सुझाव तथा जिज्ञासाका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यहाँहरुबाट प्राप्त सल्लाह तथा सुझावहरुलाई प्राथमिकता दिँदै सम्भव भएसम्म लागू गर्ने प्रतिबद्धता पेश गर्न चाहन्छु ।

अर्को बैंक वा वित्तीय संस्थासँगको मर्जरको सम्भावनालाई हामीले खुल्ला नै राखेका छौं । बैंक, शेयरधनी, कर्मचारी तथा सम्पूर्ण सरोकारवालाको हितमा हुने गरी मर्जरको अवसर देखा परेमा हामी त्यसलाई अगाडी बढाउन तत्पर छौं । यसबीच Organic Growth लाई प्राथमिकतामा राख्दै व्यवसाय विस्तारलाई जारी नै राख्ने छौं । कर्जा सम्पत्तिको गुणस्तरमा सुधार गरी निष्कृय कर्जा घटाउन बैंकले आवश्यक पहल जारी राख्ने विश्वास दिलाउन चाहन्छौं ।

समग्रमा आर्थिक वर्ष २०७५/७६ मा बैंकले वित्तीय तथा गैर वित्तीय लक्ष्यहरु प्राप्त गर्न सफल भएको छ । निक्षेपको अभावका बीच कर्जाको उच्च माग तथा बढ्दो सञ्चालन लागतका बावजुत बैंकले कर्जामा १५ अर्ब तथा निक्षेपमा समेत १५ अर्ब रुपैंयाको वृद्धि हासिल गरेको छ । यसैबीच बैंकले २३ वटा नयाँ शाखा खोली १ लाख २५ हजार भन्दा बढी ग्राहक थप गरी देशभर आफ्नो पहुँच बढाउँदै लगेको छ ।

चालु आर्थिक वर्षको प्रथम ५ महिनामा बैंकले निक्षेप रु ९० अर्ब तथा कर्जा रु ८५ अर्ब पुऱ्याएको छ भने शाखा संख्या १२० पुऱ्याएको छ । यी मध्ये बैकिंग पहुँच नपुगेका १९ वटा स्थानिय निकायमा रहेका शाखाहरुबाट बैंकले सरकारी कारोबार सञ्चालन गर्नुका साथै ग्रामीण जनताहरुलाई बैंकिंग सेवा प्रदान गर्दै आएको छ । हाल बैंकको कूल ग्राहक संख्या ५ लाख पचासी हजार पुगेको छ ।

यो विस्तारलाई निरन्तरता दिँदै लागत नियन्त्रण, जोखिम व्यवस्थापन तथा ग्राहकको अनुभव सुधारका लागि मानव संशाधन तथा प्रविधिमा लगानी बढाउदैं लैजाने बैंकको नीति रहेको छ । चालु आर्थिक वर्षको

अन्त्यसम्ममा कूल कर्जा रु १०० अर्ब पुऱ्याउने लक्ष्य रहेको छ । यसबाट हामीले आगामी वर्षपनि शेयरधनी महानुभावहरुलाई लगानीको उचित प्रतिफल दिन सक्ने विश्वास राखेका छौं ।

यहाँहरुको निरन्तर सहयोगकै कारण हामी देशभर तथा विदेशमा समेत रहेका नेपाली जनता, समुदाय तथा व्यवसायहरुको विश्वास जित्दै विकासशील नेपालको अभियानमा सामेल हुने लक्ष्यमा अग्रसर रहेका छौं ।

१०. **प्रस्ताव माथि छलफल तथा निर्णयहरुः**

(क) **सामान्य प्रस्तावः**

(१) उन्नाइसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने :

सभाका सभापतिज्यूले प्रस्तुत गर्नु भएको सञ्चालक समितिको उन्नाइसौं वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७५/०७६ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने :

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७५/०७६ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(३) बैंकको लेखा परीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७६/०७७ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने :

बैंकको लेखापरीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७६/०७७ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धी प्रस्ताव उपर छलफल गर्दा बैंकको लेखा परिक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरणको लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कर लेखापरीक्षण, कम्पनी ऐनको दफा ७८ अनुसारको विवरण प्रमाणीकरण समेत गर्नको लागि कूल रु ११,००,०००/- (रुपैंया एघार लाख मात्र) पारिश्रमिक रहने गरी वर्तमान लेखापरिक्षक श्री जे. बी. राजभण्डारी एण्ड डिबिन्स, चार्टड एकाउण्टेण्ट लाई नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(४) बैंकको सञ्चालक समितिका सदस्यहरुको मनोनयन/नियुक्ति अनुमोदन गर्ने ।

कम्पनी सचिवज्यूले बैंकको सञ्चालक समितिमा संस्थापक शेयरधनी श्री नागरिक लगानी कोषको निर्णय बमोजिम कोषकोतर्फबाट बैंकको सञ्चालक समितिमा प्रतिनिधित्व गर्नुहुने सञ्चालकमा मिति २०७५ फाल्गुण २८ देखि श्री रमण नेपाल मनोनित हुनुभएको व्यहोरा सभासमक्ष जानकारी गराउनुभयो ।

कम्पनी सचिवज्यूले संस्थापक शेयरधनीकै तर्फबाट बैंकको सञ्चालक समितिमा मनोनित सञ्चालक श्री दिनेश पौड्यालज्यूको कार्यकाल समाप्त भएकाले संस्थापक समूहको मनोनयनका आधारमा सञ्चालक समितिको निर्णय बमोजिम २०७५ चैत्र २ गतेदेखि अर्को कार्यकालका लागि पुनः नियुक्त हुनुभएको व्यहोरा सभासमक्ष जानकारी गराउनुभयो ।

कम्पनी सचिवज्यूले संस्थापक शेयरधनीको तर्फबाट बैंकको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको स्थान रिक्त भएकोमा संस्थापक समूहको मनोनयनका आधारमा सञ्चालक समितिको निर्णय बमोजिम २०७६ पौष २ गतेदेखि श्री सुशिल घिमिरेज्यू सञ्चालकको रुपमा नियुक्त हुनुभएको व्यहोरा सभासमक्ष जानकारी गराउनुभयो ।

साथै कम्पनी सचिवज्यूले सञ्चालक समितिको निर्णय बमोजिम मिति २०७६ मंसिर २६ गतेदेखि बैंकको स्वतन्त्र सञ्चालकको रुपमा श्रीमति विद्या वस्न्यातज्यू नियुक्त हुनुभएको व्यहोरा सभासमक्ष जानकारी गराउनुभयो ।

बैंकको सञ्चालक समितिमा संस्थापक शेयरधनीका तर्फबाट मनोनित सदस्यहरुको नियुक्ति अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(५) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ५ प्रतिशतका दरले रु ४४,६०,२५,४३२.०० (अक्षेरपि रु. चौवालिस करोड साठी लाख पच्चिस हजार चार सय बत्तीस मात्र) बराबर नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि समेत) वितरण गर्ने :

बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ५ प्रतिशतका दरले रु ४४,६०,२५,४३२.०० (अक्षेरपि रु. चौवालिस करोड साठी लाख पच्चिस हजार चार सय बत्तीस मात्र) बराबर नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि समेत) वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

**(ख) विशेष प्रस्ताव**

(१) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको हालको चुक्ता पूँजीको १० प्रतिशतका दरले रु ८९,२०,५०,८६४.०० (अक्षेरपि रु. उनानब्बे करोड बीस लाख पचास हजार आठसय चौसट्ठी मात्र) बराबरको बोनस शेयर जारी गर्ने :

बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको हालको चुक्ता पूँजीको १० प्रतिशतका दरल रु ८९,२०,५०,८६४.०० (अक्षेरपि रु. उनानब्बे करोड बीस लाख पचास हजार आठसय चौसट्ठी मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(२) उल्लिखित बोनस शेयर जारी गर्नका लागि आवश्यक हदसम्म जारी तथा चुक्ता पुँजी वृद्धि गर्न स्वीकृती प्रदान गर्ने :

उल्लिखित विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गर्नको लागि बैंकको जारी पूँजी वृद्धि गर्न **प्रबन्धपत्रपत्रको दफा ५ को उपदफा** (२) मा साविकको व्यवस्था हटाई निम्न बमोजिमको व्यवस्था गर्ने सर्वसम्मतबाट निर्णय गरियो :

> "बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रु. ९,८१,२५,५९,५०६/- (अक्षरेपी नौ अर्ब एकासी करोड पच्चिस लाख उनन्साठी हजार पाँच सय छ मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरले ९,८१,२५,५९५।०६ (अक्षरेपी नौ करोड एकासी पच्चिस हजार पाँच सय पन्चानब्बे दशमलब शुन्य छ मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।"

उल्लिखित विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गर्नको लागि बैंकको चुक्ता पूँजी वृद्धि गर्न **प्रबन्धपत्रपत्रको दफा ५ को उपदफा** (३) मा साविकको व्यवस्था हटाई निम्न बमोजिमको व्यवस्था गर्ने सर्वसम्मतबाट निर्णय गरियो :

“बैंकको तत्काल चुक्ता पूंजी रु. ९,८१,२५,५९,५०६/- (अक्षरेपी नौ अर्ब एकासी करोड पच्चिस लाख उनन्साठी हजार पाँच सय छ मात्र) हुनेछ।”

(३) बुँदा नं. (१) र (२) बमोजिमको प्रस्ताव कार्यान्वयनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने :

बुँदा नं. (१) र (२) बमोजिमको प्रस्ताव कार्यान्वयनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने सम्बन्धमा छलफल गर्दा बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने समेत निर्णय गरियो।

(४) लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने :

लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

(ग) **विविध**

विविध शीर्षक अन्तर्गत कुनै विषयमा छलफल नभएको।

११. **धन्यवाद ज्ञापनः**

सभापतिज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, पत्रकारहरु, बैंकका कर्मचारीहरु तथा अन्य संघ संस्थाबाट पाल्नुभएका पदाधिकारीहरुज्यूहरु एवं यो साधारणसभा सफल गराउन सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिदै सभा विर्सजन भएको घोषणा गर्नुभयो।

| | |
|---|---|
| ...................... | ...................... |
| पियूष राज अर्याल | रमण नेपाल |
| कम्पनी सचिव | सभापति/ सञ्चालक समितिका सदस्य |

मितिः २०७६/०९/०६